# हतुवागढी राजपत्र


## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ५ सङ्ख्या : ४ मिति : २०७८/०३/१८


भाग-२

**हतुवागढी गाउँपालिका**

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७८/०३/१८

# अपाङ्गता कोष संचालन कार्यविधि, २०७८

# अपाङ्गता कोष संचालन कार्यविधि, २०७८

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०३।१८)

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर
प्रदेश नं. १, नेपाल

# अपाङ्गता कोष संचालन कार्यविधि, २०७८

प्रमाणिकरण मिति

२०७८।०३।१८

संवत् २०७८ सालको कार्यविधि नं. १

## हतुवागढी गाउँपालिकामा अपाङ्गता कोष सांचालन गर्न बनेको कार्यविधि

प्रस्तावनाः हतुवागढी गाउँपालिकामा जन्मजात तथा जन्म पश्चात् हुने अपाङ्गता न्युनिकरण गर्ने, मातृशिशु तथा बाल मृत्युदर कम गर्ने एवं अपाङ्गता भएका व्यक्तिहरु सहितको समावेशी समाजको निर्माण गर्नका लागि सामाजिक विकास मन्त्रालय प्रदेश नं. १, हतुवागढी गाउँपालिका र करुणा फाउण्डेसन नेपाल बीचको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्रविधिक सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमै पुनर्स्थापना गरी उनीहरुको जिवनमा सुधार ल्याउनका लागि अपाङ्गता कोष सञ्चालन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

हतुवागढी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "अपाङ्गता कोष संचालन कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि हतुवागढी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

(३) यो कार्यविधि हतुवागढी गाउँपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले हतुवागढी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हतुवागढी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले दफा ३ बमोजिमको अपाङ्गता कोष सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ लाई सम्झनु पर्छ

३. कोषको स्थापनाः (१) अपाङ्गता कोष नामको देहाय बमोजिमको रकम हुनेगरी एक कोष रहनेछ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गाउँपालिकाबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(ङ) संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) करुणा फाउण्डेसन नेपालबाट प्राप्त रकम,

४. <u>कोषको संचालन</u>: (१) स्थानीय स्तरमा रहेको बाणिज्य बैङ्कमा समुहको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट खाता संचालन गरिनेछ। समुहले प्रचलित कानून बमोजिम खर्चको स्रेस्ता राख्नुपर्नेछ।

५. <u>कोषको सदुपयोग</u>: (१) कोषको रकम देहायको कामका लागि समुहका सदस्यहरुलाई उपलब्ध गराउन सकिनेछ।
(क) कृषिजन्य व्यवसायहरु,
(ख) पशुपालन,
(ग) लघु, घरेलु तथा साना व्यवसाय,
(घ) स्थानीय स्रोतमा आधारित अन्य सम्भाव्य आयमुलक क्रियाकलापहरु।

६. <u>बचत तथा ऋण परिचालन</u>: (१) समुहमा सबैभन्दा कम आय स्रोत भएका व्यक्तिहरुलाई ध्यानमा राखी सर्वसम्मतीले मासिक रुपमा एकजना सदस्यले रु. १०(दश) देखी रु. १०००(एक हजार) सम्मको सिमा भित्र रहेर बचत गर्नुपर्ने।
(२) सदस्यको व्यक्तिगत बचतको तीन गुनासम्म आफ्नै बचतको सुरक्षणमा र सदस्यको व्यक्तिगत बचतको छ गुनासम्म सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरुको बचतको सुरक्षणमा।
तर एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम रु. १०,०००।-(दश हजार) भन्दा बढी हुने छैन।
(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण कृषिजन्य व्यवसायहरु (तरकारी खेती, नगदे वाली), पशुपालन (बाख्रा पालन, कुखुरा पालन, बंगुर पालन), लघु घरेलु तथा साना व्यवसाय, माछापालन र स्थानीय स्रोतमा आधारित अन्य सम्भाव्य आयमूलक क्रियाकलापहरु।
(४) उपदफा २ र ३ मा जुनसूकै कुरा लेखिएको भएतापनि सदस्यता लिएर नियमित रुपमा बचत जम्मा गर्न थालेको तीन महिना व्यतित नहुँदै समूहबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन।

७. <u>ऋण लगानी प्रक्रिया</u>: (१) ऋण लिन चाहने सदस्यले ऋण माग पत्र भरी मिलिजुली समूहको बैठकमा पेश गर्ने, ऋण परिचालन नीति अनुरुप बैठकको छलफलबाट ऋण माग पत्रहरुको स्वीकृत गर्ने, ऋण लिने व्यक्तिलाई तमसुक गराउने, साक्षीहरुको पनि सहिछाप गराई ऋण प्रदान गर्ने।
(२) उपदफा (१) बमोजिमको ऋण उपलब्ध गराए पछि कोषाध्यक्षले ऋणी सदस्यको व्यक्तिगत ऋण खातामा र नगद कारोवार हिसाब खातामा रेकर्डको लागि पोष्टिङ्ग गर्ने।
(३) बीउ पूँजीको ऋण परिचालन पनि दफा ६ को उपदफा (२) बमोजिम नै हुनेछ। ऋण परिचालन गर्दा साँवा रकमको वार्षिक १० प्रतिशत भन्दा वढी व्याजदर लिन पाइनेछैन।

८. <u>ऋण असुली प्रक्रिया</u>: (१) कुनै पनि सदस्यले लिएको ऋण तीन महिना पश्चात मासिक किस्तावन्दीमा बुझाउने। तीन महिना पश्चात साँवा व्याज सहितको रकम एकमुष्टमा बुझाउन चाहेमा एकै मुष्टमा पनि बुझाउन सकिनेछ।

(२) सदस्यले फिर्ता गरेको (साँवा, ब्याज, हर्जना) रकमको रसिद काटी कारोबार हिसाब खातामा रहेको रकम कट्टा गरी ऋणीलाई एक प्रति रसिद दिने।

(३) भाकामा साँवा व्याज नतिरेका ऋणीहरुको नामावली तयार गरी बैठकमा पेश गर्ने र समयमै ऋण तिर्न प्रोत्साहन गर्न १५ दिनको समयावधी थपिदिने उक्त समयावधीमा पनि साँवा व्याज सहित फिर्ता नगरेमा साँवा र व्याज रकम सहित साँवा रकमको वार्षिक ०.२५ प्रतिशत थप हर्जना शुल्क उठाउने।

९. <u>कोषको लेखा र लेखा परीक्षणः</u> (१) कोषको आय व्ययको लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

१०. <u>निर्देशन दिन सक्नेः</u> (१) समूहको कोष संचालन सम्बन्धि काम कारवाहीको सम्बन्धमा हतुवागढी गाउँपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ।

(२) बचत र ऋण परिचालन तथा कोष संचालन सम्बन्धि अन्य व्यवस्था हतुवागढी गाउँ कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

११. <u>कोषको खारेजीः</u> (१) कारणवस समूह विघटन भई खारेजी भएमा समूहको दायित्व फरफारक गरि बाँकी रहने सम्पुर्ण जायजेथा हतुवागढी गाउँपालिकाको हुनेछ।

प्रेम कुमार राई
अध्यक्ष

<u>**आज्ञाले :**</u>

**मणिराम खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**